लेकम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लेकम ४ रातामाटा, दार्चुला

E-mail:lekam.rmun@gmail.com
Web:www.lekammun.gov.np
सुदुरपश्चिम प्रदेश,नेपाल

प.स.२०७५/७६
च.न.

**गाउँपालिका स्तरिय सडकहरुको DPR तयारका लागि परामर्श सेवा सम्बन्धी प्रस्ताव पेश गर्ने बारे प्रकाशित सुचना(प्रथम पटक प्रकाशित मिति २०७६।०१।१०)**

यस लेकम गाउँपालिकाको आ.ब.२०७५।७६ को बार्षिक स्वीकृत नीति बजेट तथा कार्यक्रम अनुरुपका गाउँस्तरिय सडकहरुको परामर्श सेवाद्वारा DPR तयार गर्नको लागि तपशिल बमोजिमको योग्यता पुगेका फर्म/संघ/संस्था/कन्सल्टेन्सिबाट प्रथम पटक सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा सिलबन्दि दरभाउ पत्र प्रस्ताव सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा लेकम गाउँ कार्यपालिकाको मिति २०७६।०१।०७ गतेको बैठकको निर्णय बमोजिम पेश गर्न यो सुचना आव्हान गरिएको छ ।

तपशिल

| सि.न. | प्रस्ताव नम्बर | सडकको नाम | विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | LRM-04/075-76 | **Detailed engineering survey, design, estimate and DPR preparation for** Khetali-Badipur-Durkanda-Garadi & Girthali-Garadi-Dhami Gaun-Padi-Amkur-Ratamata Road | प्राविधिक र आर्थिक प्रस्ताव | |
| २ | LRM-05/075-76 | **Detailed engineering survey, design, estimate and DPR preparation for** Sera-Rataudа-Khamtad-Lali & Takana-Nailek-Tupaghar-Gorakhanath Temple-MalloSalyadi-Pariban-Sajma-Sela-Malera-Pulai-Kharkada Road | प्राविधिक र आर्थिक प्रस्ताव | |
| ३ | LRM-06/075-76 | **Detailed engineering survey, design, estimate and DPR preparation for** Dobato-Pirtoli-Amkur-Gogana-Phusarkhali-Saina-Salyadi-Godesila-Teli gaoun-Ganet Road | प्राविधिक र आर्थिक प्रस्ताव | |

गाउँस्तरिय सडकहरुको परामर्श सेवा द्वारा DPR तयार गर्नका लागि आवश्यक TOR यस कार्यालयवाट आवश्यक कागजात बुझाइ माग गर्न सकिनेछ ।

**दरभाउ सम्बन्धी शर्तहरु**

१. योग्यता पुगेका इन्जिनियरिङ्ग फर्म, संस्था, कन्सल्टेन्सी संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, मुल्य अभिवृदि दर्ता सहितको स्थायी लेखा नं. दर्ता प्रमाणपत्र, आ.ब.२०७४।७५ सम्मको कर चुक्ता प्रमाणपत्र संलग्न राखि निवेदनमा रु.१० को टिकट टाँसि सुचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयको नाममा रहेको श्री राष्ट्रिय बाणिज्य बैंक दार्चुलाको 4090304018105 मा दस्तुर रकम रु.१०००।०० जम्मा गरेको सक्कल भौचर वा नगदी रसिद यस कार्यालयमा राजश्व शाखाबाट प्रस्ताव पत्र दस्तुर बुझाइ सिलबन्दी फाराम लिन सकिनेछ ।

२. इच्छुक इन्जिनियरिङ फर्म/संस्था/कन्सल्टेन्सी फर्मले फाराम साथ सि.न. १ मा उल्लेखित कागजातहरुको अतिरिक्त खरिद कार्वाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो कार्वाही नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको स्वंमको घोषणापत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

३. प्रस्तावदाताले प्राविधिक र आर्थिक प्रस्तावलाई छुट्टा छुट्टै रुपमा पेश गर्नुपर्दछ । एकमुष्ट पेश गरिएको प्रस्तावलाइ स्विकार गरिनेछैन ।

४. यो सुचना प्रकाशित भएको मितिले ८ औ दिनको दिउसो १२ बजे भित्र यस कार्यालयको दर्ता शाखामा रितपुर्वक पेश भएका प्रस्तावहरु सोहि दिनको २ बजे यस कार्यालयमा खोलिनेछ ।

५. आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्दा प्रस्तावदाताहरुले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७० को उपनियम ३ बमोजिम विवरणहरु अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ ।

६. प्राविधिक प्रस्तावको मुल्यांकन पछि आर्थिक प्रस्ताव खोल्ने मिति यस कार्यालयबाट सार्वजनिक सुचनाको माध्यमबाट तोकिनेछ ।

७. यो सम्बन्धित अन्य कार्यविधि सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ एवम् अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

८. आर्थिक प्रस्तावमा दर रेट अंक र अक्षर दुबैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेटलाइ मान्यता दिइनेछ ।

९. कुनै कारण जनाई वा नजनाइ नगरपालिकाको हितलाइ ध्यानमा राखि प्राविधिक तथा आर्थिक प्रस्ताव पुर्ण वा आंशिक रुपमा स्विकृत गर्ने वा नगर्ने वा सुचना नै रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

बोधार्थ: श्री सुचना प्रविधि शाखा : सुचना websiteमा upload गर्न हुन ।

०७६/१/१०

प्रमुख प्रशासकीय अधिकृत